सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

**स्नातकोत्तर तह चौथो सेमेस्टरको मौका परीक्षा सम्बन्धी जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७८ । १० । २१ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ परिच्छेद ४ को नियम ४.१.६. मा "स्नातकोत्तर तहको चौथो सत्रको परीक्षामा मात्र बढीमा २ (दुई) विषयमा असफल भएका तर अन्य सम्पूर्ण अघिल्ला सेमेस्टरका परीक्षाहरु उत्तीर्ण गरेका" विद्यार्थीहरुले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०७८ सालमा संचालन हुने स्नातकोत्तर तह मानविकी तथा सामाजिक शास्त्र संकाय, शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकाय **चौथो** सेमेस्टरको मौका परीक्षा दिने परीक्षार्थीहरु स्वयम्ले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आ–आफ्नो क्याम्पस/विभागमा **मिति २०७८ फागुन ६ गते** सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

- क्याम्पसले आंशिक परीक्षार्थी भए नभएको यकीन गर्न सोही सालको सोही खण्डको परीक्षा दिएको रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।
- **क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि** : सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ परिच्छेद ४ को नियम ४.१.६. मा "स्नातकोत्तर तहको चौथो सत्रको परीक्षामा मात्र बढीमा २ (दुई) विषयमा असफल भएका तर अन्य सम्पूर्ण अघिल्ला सेमेस्टरका परीक्षाहरु उत्तीर्ण गरेका" विद्यार्थीहरुले मौका परीक्षा दिन पाउने व्यवस्था भए अनुसार अघिल्ला सबै सेमेस्टरको लब्धाङ्क पत्रहरू रूजु गरेर वा यथार्थ विवरण यकीन गरी परीक्षार्थीले परीक्षा दिन पाउने २ विषय मात्र भर्न भराउनु पर्ने छ । साथै अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन । विद्यार्थीले भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।
- फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।
- परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ
- परीक्षार्थीले हालसालै खिचेको दुई प्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।
- **क्याम्पस/विभागको हकमा** :- म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड शाखा, महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००००१ मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित परीक्षा आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ, अन्यथा फाराम छुट्न गएमा विभागले/क्याम्पसले नै जवाफदेही हुनु पर्ने छ ।
- परीक्षा शुल्क :- प्रति सेमेस्टर/खण्ड स्नातकोत्तर तहलाई रु १२०० लाग्नेछ ।
- प्रयोगात्मक शुल्क :- प्रति सेमेस्टर/खण्ड प्रति विषय स्नातकोत्तर तहलाई रु ३०० का दरले लाग्ने छ ।
- थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np, या exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक